नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :- ०७४।७५

चलानी नं. :- ६/६९६२

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति : २०७५।०३।२१

**विषय :-** परिपत्र सम्बन्धमा ।

म.नि.को कार्यालय
दर्ता नं.: ६९१
मिति: ०७५।३।२५

श्री स्वास्थ्य सेवा विभाग, टेकु ।
श्री आयुर्वेद विभाग, टेकु ।
श्री औषधि व्यवस्था विभाग, बिजुलीबजार ।
श्री पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, धनकुटा ।
श्री मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडा ।
श्री पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखरा ।
श्री मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेत ।
श्री सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दिपायल ।
श्री जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय ७७ वटै ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. अनु-३/अ/०७४।७५ च.नं. १८३२ मिति २०७५।०३।१९ को पत्रबाट बिजुलीकोट स्वास्थ्य चौकी, रामेछापमा पदाधिकार रहनु भएका सि.अ.हे.व. (छैठौं तह) दिपेन्द्र कुमार पैकराको जिल्ला स्वास्थ्य कार्यालय, इलाम अन्तर्गतबाट जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप सरुवा हुँदा लामो अवधि विदा स्वीकृत नगरी गैह्र हाजिरी रहेकोमा खोजविनसमेत नगरी सरुवा भएको कार्यालयमा हाजिर हुन रमाना दिएको, ४ वर्षभन्दा बढी अवधि अनुपस्थित रही कार्यालयमा हाजिर भएको, गैह्रकानूनी रुपमा विदा स्वीकृत गराएको, लामो समय गयलकट्टी पछि हाजिर गराएको, हाजिरी रजिष्टर लगायतका कागजातहरुको अभिलेख व्यवस्थापन प्रभावकारी नरहेको, हाजिर नै नरहेको व्यक्तिलाई सरुवा गरेको, रमाना दिएको लगायतका विषयमा संलग्न पदाधिकारीहरुलाई बिभागीय कारवाहीको लागि निर्देशन भई आए अनुसार बिभागीय कारवाहीको प्रक्रिया अगाडि बढाइएकोले तहाँ र मातहतका निकायहरुमा देहाय अनुसार गर्न गराउन हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०३।२१ को निर्णयानुसार अनुरोध छ ।

१. बिदा स्वीकृत नगराई लगातार ६० दिन सम्म आफ्नो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित कर्मचारीलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ को उपदफा (१) को देहाय (ज) को कसुरमा सोही ऐनको दफा ७२ को खण्ड (ख) को देहाय (१) बमोजिम भबिष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने तर्फ विभागीय कारवाहीको प्रक्रिया अगाडि बढाउने ।
२. गैह्र कानूनी रुपमा विदा स्वीकृत नगर्ने र गयलकट्टी गर्नु परेको अवस्थामा कारण सहित मन्त्रालयमा सिफारिस साथ पठाउने ।
३. लामो समय पछि हाजिर नगराउने र हाजिरी रजिष्टर लगायतका कागजातहरुको अभिलेख व्यवस्थापन प्रभावकारी बनाउने ।
४. बिना जानकारी कार्यालयमा अनुपस्थित कर्मचारीहरुको विवरण ३ (तीन) दिन भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखामा उपलब्ध गराउने ।
५. लामो समय कार्यालयमा अनुपस्थित रहेको कर्मचारीलाई गयलकट्टी गरी हाजिर गराएको पाइएमा प्रशासन प्रमुख र कार्यालय प्रमुखलाई प्रचलित ऐन नियम बमोजिम बिभागीय कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिने।

०७५।३।२१

(मधु सुदन बुर्लाकोटी)
सह-सचिव